**नेपाली / *NEPALI***

लागि: सबै *UW-Madison* का कर्मचारीहरू
बाट: कुलपति Rebecca Blank
विषय: बजेट र *furlough* को अपडेट
मिति: अक्टोबर २५, २०२०

सबै कर्मचारीहरूलाई,

यो वर्ष हाम्रो संस्थाको इतिहासमा अरू कुनै वर्षहरू भन्दा भिन्नै छ। हाम्रो क्याम्पस समुदायमा ठूलो कठिनाइको बीचमा सबैले एक किसिमले मिलेर गरेको तरिकामा म गर्व गर्दछु।

गर्मी र शरद महिनाहरूमा हामीले ओक्टोबरलाई एक महिनाको रूपमा लक्षित गरेका छौं जहाँ हामी २०२१ सालमा हेर्दै हाम्रा अर्थहरूको स्पष्ट मूल्याङ्कन गर्न सक्षम हुनेछौं। हामीले अहिलेसम्म लिएका चरणहरू र हामी किन थप *furloughs* र खर्च घटाउने तरिकाहरू शुरू गर्नेछौं भनेर म फेरि बताउन चाहन्छु।

*COVID* को शुरूवातको प्रतिक्रियाको रूपमा, मार्चमा महिनामा हामीले खर्च घटाउन र वित्तीय क्षति न्यूनीकरण गर्न तुरुन्तै धेरै कदमहरू चालेका थियौं:

- तलबहरू बढ्न र प्राय नयाँ मान्छेलाई रोजगारी दिन रोक्ने
- यस आर्थिक वर्षमा नयाँ बजेट लगानीको रूपमा योजना बनाई रहेको रकम फिर्ता गर्ने
- सम्भव भएसम्म धेरै जसो यात्रा र अन्य थप खर्चहरू हटाउने
- वरिष्ठ नेताहरूका लागि १५ प्रतिशत तलब कटौतीका सहित अधिकांश कर्मचारीहरूका लागि प्रगतिशील *furlough* को एक चरण लागू गर्ने, जुन यस हप्ता पूरा हुनेछ (अक्टोबर ३१)
- युनिटहरू अस्थायी रूपमा बन्द हुनुपर्दा कर्मचारीहरूलाई आंशिक रूपमा रोजगारीमा राख्न *work-share* कार्यक्रमहरू कार्यान्वयन गर्ने
- हाम्रो केही घाटा कभर गर्न भण्डारहरूको प्रयोग गर्ने

यी उपायहरूले हाम्रो खर्चहरू घटाए, विशेष गरी *furlough* र तलब कटौतीको २७ मिलियन डलरको बचत मार्फत। म स्वीकार गर्न चाहन्छु कि यी कार्यहरू आवश्यक भएको बेलामा हाम्रा कर्मचारीहरू र कार्यक्रमहरूबाट महत्त्वपूर्ण बलिदानको प्रतिनिधित्व गर्दछन्।

**<u>बजेट अनुमानहरू</u>**

हामी अझै यसबाट पार भएका छैनौं। विश्वव्यापी महामारीले २०२१ सालमा र त्यस पछाडि *UW* मा प्रभाव पार्दछ। हाम्रो शिक्षण रसिदहरू लगभग २४ मिलियन डलरले कमी भएको छ र हाम्रो अनुसन्धान उद्यमले अनुमानित भन्दा २८ मिलियन डलर कम पाउने ट्र्याकमा छ। हाम्रो बजेटको सङ्कट यस तथ्यबाट बढेको छ कि धेरै राजस्वका स्रोतहरू बन्द हुँदा, *COVID* सम्बन्धित खर्चहरू बढ्न जारी छन्।

गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको बीचमा राज्य एजेन्सीहरूलाई गभर्नरको आदेशका कारण राज्यलाई *GPR* डलर फिर्ता दिनुपर्ने (*lapse*) र गैरकानुनी तलब कभर गर्ने योजना खर्च हरू संयोजनका कारण *UW-Madison* ले ५० मिलियन डलरको

खर्च व्यहोर्नेछ। हामी पनि अर्को आठ महिनाका ला गि एक अनिश्चित राज्य द्विवार्षिक बजेट प्रक्रिया सामना गर्दैछौं। हामी अन्तरिम *UW* प्रणाली अध्यक्ष *Tommy Thompson* कोष एक राज्य बजेटको लागि वकालतको सराहना गर्छौं जसले यस अवधिमा क्याम्पसलाई सहयोग पुऱ्याउनेछ।

थप रूपमा, सहकारीहरूले (युनिटहरू जसले आफैंले कमाएको राजस्वले आफैंलाई परिचालन गर्दछन्) विशेष रूपमा गहन राजस्व कटौतीको अनुभव गरेका छन्। उदाहरणको लागि, *Athletics* मा, हामीले धेरै खेलकुद कार्यक्रमहरू आयोजना गर्न वा टिकट बेच्न सक्षम भएका छैनौं। *Conference Services* ले पाहुनाहरूलाई ठाउँ दिन वा सम्मेलन सञ्चालन गर्न सक्दैन। *Wisconsin Union* सीमित गर्मी महिनाहरूले गर्दा प्रभावित छ। कुलमा, सहकारीहरू लगभग १५० मिलियन डलरको अभावको सामना गरिरहेका छन्। किनभने सहकारी उद्यमहरू डिजाइनले नै आफैंलाई अनुदान गर्ने हुन् र बजेटको अन्य भागहरू तनावग्रस्त छन्, सहकारीहरूले उनीहरूको आफ्नै बजेट समस्याहरू समाधान गर्न आवश्यक पर्दछ, यद्यपि क्याम्पसले सक्ने ठाउँमा केही सहयोग प्रदान गर्न प्रयास गर्नेछन्।

समग्रमा, हामी अनुमान गर्छौं कि गत जनवरी योजना बनाएका भन्दा संयुक्त घटेको राजस्व र २०२० सालको मार्च र चालू आर्थिक वर्षको अन्त्यको (जुन जुन ३०, २०२१ सालमा समाप्त हुन्छ) बीच भित्रको खर्चाहरू लगभग ३२० मिलियन डलर हुनेछ। केही कमीहरूलाई हामीले लागू गरेका कटौतीहरूले समायोजन गरिसकेका छन्। बाँकी अन्तर अझै पनी ठूलो छ, हामीले कुनै बितेका वर्षमा सामना गरेका भन्दा पनि ठूलो छ। आर्थिक स्थिरताको बाटो बनाउन सावधान सेवा चाहिँदछ।

बजेट सन्तुलनमा लिएर आउन आवश्यक खर्चहरू घटाउँदै हाम्रो योजनाले सबैभन्दा महत्त्वपूर्ण चीजहरूलाई जहाँ सम्भव छ अगाडि बढाउने कोसिस गर्दछ। हामी क्याम्पसमा रोजगारी रोक्न जारी राख्नेछौं - हामी केवल प्रासंगिक उपकुलपति वा स्कूल/कलेज डिन द्वारा स्वीकृत पदहरू मात्र अनुमोदन गर्दैछौं - र वर्षको शेष रकमको लागि विवादास्पद खर्च घटाउने नियन्त्रणहरूलाई अनुमति दिनेछौं। तर, थप कटौतीहरू आवश्यक हुनेछन्।

## ***Furloughs* र भुक्तानी योजना**

यी कटौतीहरू मध्ये सबैभन्दा कठिन हाम्रो प्रगतिशील *furlough* कार्यक्रम जारी राख्ने हुनेछ। हामी, जनवरी १ मा शुरू र जून,३०, २०२१ सम्म जारी रहने, थप छ महिनाका *furloughs* लागू गर्नेछौं। कर्मचारीहरूलाई योजना बनाउनको लागि समय दिन हामीले यस *furlough* को अर्को चरणको शुरूवात मिति ढिला गरेका छौं र *furlough* फेरि शुरू हुनु अघि अधिकांश कर्मचारीहरूको तलब नोभेम्बर र डिसेम्बर महिनाहरूमा पूर्ण चरणमा फर्किनेछन्। ध्यान दिनुहोस् कि कार्यपद-विशेष *furlough* मा भएका धेरै कर्मचारीहरूको घण्टा नोभेम्बर १ देखि कम हुनेछन्।

*Furloughs* हरू २०२० कार्यक्रमको रूपमा संरचित हुनेछ र फेरि कम तलब भएका कर्मचारीहरूको लागि सानो कटौती र उच्च तलब भएका कर्मचारीहरूको लागि ठूलो कटौती सुनिश्चित गर्दछ, ३ *furlough* दिन (१२ दिन प्रत्येक महिना) देखि ६ *furlough* दिनहरू (१ प्रत्येक महिना दिन) सम्म। यसको मतलब आवश्यक *furlough* दिनहरूको सङ्ख्याको आधारमा कर्मचारीहरूको तलबलाई २.५ प्रतिशत देखि ६.६ प्रतिशतको बीचमा घटाउने छ। उपकुलपतिहरू र मैले फेरि यी ६ महिनाहरूमा हाम्रो तलबलाई १५ प्रतिशत घटाउनेछौं, र स्कूल/कलेजका डीनहरूले स्वैच्छिक १० प्रतिशत तलब घटाउनेछन्।

मैले कर्मचारीहरूमा, विशेष गरी ज्याला मजदुरको तल्लो-स्तरमा भएका, *furlough* ले सिर्जना गरेको कठिनाई बुझेको छु। कर्मचारीहरूका लागि क्याम्पसद्वारा जनवरीमा शुरू गरिने लामो समय देखि नियोजित २ प्रतिशत ज्याला वृद्धि लागू गरेपछि *furlough* को प्रभाव थोरै कम हुनेछ। यो बृद्धिले हाम्रो सबैभन्दा कम तलब पाउने कर्मचारीहरूका लागि *furlough* को

अधिकांश असरलाई समायोजन गर्दछ। बढ्दो बजेटरी कठिनाइहरूको पश्चात पनि हामी यी बृद्धिका साथ अगाडि बढ्ने योजना गरेका छौं र ध्यान राख्दछौं कि यसले शुरूवातको तलबलाई बढाउँदछ जुन *furlough* आवश्यक नभएपछि लामो समय सम्म जारी रहन्छ।

यसै गरी, म यो घोषणा गर्न पाउँदा खुसी पनि छु कि हामी कामदारहरूको लागि प्रति घण्टा १५ डलर न्यूनतम ज्याला लागू गर्ने क्रममा अगाडि बढ्नेछौं, जुन हामी एक बर्ष पहिले गरेका प्रतिबद्धताका आधारमा गर्दै आएका छौं। जनवरी १७, २०२१ देखि प्रभावकारी वृद्धिले मुख्य रूपमा संरक्षक, पशु हेरचाह र खाद्य सेवाका कार्यपदहरूको काम गर्नेहरूलाई प्रभाव पार्नेछ। न्यूनतम ज्याला वृद्धि अस्थायी वा विद्यार्थी कर्मचारीहरूका लागि लागू हुँदैन।

जोड्दा, नयाँ तलब योजना र न्यूनतम प्रति घण्टा ज्यालाको वृद्धिले *furlough* को दोस्रो चरणलाई पहिलो चरण भन्दा प्रगतिशील बनाउनेछ। *Furlough* को बारेमा थप विवरणहरू मानव संसाधनको वेबसाईटमा उपलब्ध छन् र थप जानकारी ईमेलबाट साझा गरिनेछ।

**_FY22_ को बजेट प्रक्रिया**

*Furloughs* मात्र बजेट सन्तुलन गर्नको लागि पर्याप्त छैन, हामी आगामी *GPR* पोषित युनिटहरूमा अर्को केहि हप्ताहरूमा थप बजेट कटौती घोषणा गर्न को लागी हामी *FY22* बजेट प्रक्रिया शुरू गर्ना अपेक्षा गर्नेछौं। केही थप कटौतीहरू आवश्यक पर्ने भएपनि हामी आशा गर्छौं कि सबै डराएका असाधारणीय कटौतीहरूबाट हामी बच्ने अपेक्षा गर्दछौं। यसको मतलब यी कटौतीहरू पीडाविहीन हुनेछन् भन्ने होइन, तर हामी आशा गर्छौं कि यी कटौतीहरूको पर्याप्त हिस्सा निराकरण, रोजगारी रोक्नबाट, र हामीले पहिल्यै राखेका अन्य बजेट कटौती उपायहरू मार्फत प्राप्त गर्न सकिनेछ।

प्रत्येक स्कूल/कलेज/विभागले बजेटका तत्काल र दीर्घकालीन घाटाहरूलाई सम्बोधन गर्न कस्तो रणनीति प्रयोग गर्ने भनेर निर्धारण गर्न आवश्यक छ र उनीहरूको विशेष अवस्थाको लागि उपयुक्त ढङ्गमा गर्न पाउनेछन्। हाम्रा केही विभागहरू र उनीहरूको राजस्व आउने बाटोहरूमा सङ्कटको असमान प्रभावलाई ध्यानमा राख्दै, सम्भावित थोरै संख्याका युनिटहरूमा बजेटको कमीलाई सम्बो धन गर्न कर्मचारी *layoffs* गर्न आवश्यकता पर्न सक्दछ।

हामीले बजेटको बारेमा कर्मचारी साझा प्रशासन समूहहरूसँग कुरा गरेका छौं र जारी राख्दछौं र हामी कर्मचारीहरूलाई सकेसम्म कम प्रभाव पर्ने तरिकाले हाम्रो योजनाहरूको संरचना गर्न कोशिस गर्नेछौं।

मलाई थाहा छ कि यो कठिन खबर हो, तर हामीले सामान्य परिचालनहरू फेरि शुरू गर्न नसकुञ्जेल सम्म हामीले हाम्रो संस्थामा यस विश्वव्यापी महामारीको परिणाम सामना गर्न आवश्यक पर्दछ। यी कार्यहरूको साथ, *UW-Madison* आफ्नो सार्वजनिक उद्देश्य पूरा गर्न अझ मजबूत स्थितिमा हुनेछ। यस बीचमा, म तपाईंहरूलाई विश्वविद्यालयका लागि जारी राख्नु भएको सबै कामका लागि धन्यवाद दिन चाहन्छु।